# शान्तिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चिराघाट, दाङ

पं. स. ०८१/८२ स्था. २०७३
च. नं. ९६६ लुम्बिनी प्रदेश, नेपाल

शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चिराघाट, दाङ
२०७३

मितिः- २०८१/११/१३

विषयः- अध्यक्षकप खेलकुद प्रतियोगितामा टिम दर्ता सम्बन्धमा।

श्री वडाअध्यक्ष ज्यूहरु ,
शान्तिनगर गाउँपालिका १-७ नं. सम्म सवै।

प्रस्तुत विषयमा आ.व २०८१/८२ को वार्षिक स्विकृत कार्यक्रम अनुसार गाउँ शिक्षा समिति तथा अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन समितिको निर्णयानुसार यहिं फागुन २३ गते देखी भलिबल, फुटबल र क्रिकेट बिधा तर्फ अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन हुने सहर्ष जानकारी गराउदै, सो प्रतियोगितामा त्यस वडा अन्तर्गतका युवा क्लवहरु संग समन्वय गरी वडास्तरिय टिम मार्फत तिन वटै खेलमा सहभागी हुने व्यवस्था मिलाई यहि फागुन २० गते भित्र गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा युवा तथा खेलकुद शाखामा टिम दर्ताको लागि आवश्यक कागजात सहितको विवरण पठाईदिने प्रयोजनार्थ आवश्यक सहजिकरणको लागि अनुरोध छ। टिम दर्ता फाराम र खेल संग सम्बन्धित सर्तहरु यसै साथ संलग्न गरी पठाइएको छ।

...............
भेषराज चन्द
प्रमुख प्रशासकीय अधिकृत

Email:- education.shantinagar@gmail.com Website:- www.shantinagarmun.gov.np

CamScanner

**शान्तिनगर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**छैठौ अध्यक्षकप खेलकुद प्रतियोगिता- २०८१**

भलिवल, फुटबल र क्रिकेट खेलमा सहभागी हुने टिम तथा खेलाडीहरुले पालना गर्नुपर्ने शर्त तथा सम्बन्धित विषयबस्तुहरु देहाय अनुसार छन।

१. प्रतियोगितामा भलिबल, फुटबल र क्रिकेट विधा समावेश गरिएको छ।

२. प्रतियोगिता २०८१ फागुन २३ गते देखि २५ गते सम्म श्री माद्यामिक विद्यालय तुलसीपुर, शान्तिनगर-०७, दुविचौरको खेल मैदानमा हुनेछ।

३. सहभागी टिम शान्तिनगर गाउँपालिका अन्तर्गत रहेका वडास्तरीय टिमको नामबाट सहभागी हुनुपर्नेछ।

४. भलिबल तर्फ प्रत्यक टिममा बढिमा ९ जना, फुटवल तर्फ बढिमा १५ जना र क्रिकेट तर्फ १५ जना सहभागीको नाम दर्ता गर्न सकिनेछ।

५. वडा स्तरीय सहभागी टिमको खाना, खाजा तथा वास बस्नुपरेमा सहभागी हुने टिमले नै आफै व्यवस्था गर्नुपर्नेछ।

६. आगामि फागुन २० गते सम्म शान्तिनगर गाउँपालिकाको कार्यालयमा टिम क्याप्टेन आई टिम दर्ता गर्नुपर्नेछ।

७. सम्बन्धित वडा कार्यालयबाट लिखित पत्रको आधारमा मात्र टिम दर्ता गरिनेछ। सो लिखित पत्रमा सहभागी हुने खेलाडीको नाम र स्थायी ठेगाना खुलाउनुपर्नेछ। खेलाडी सम्बन्धित वडाकै हुनुपर्नेछ।

८. २०८१/११/२२ गते खेल तालिका प्रकाशित गरी आयोजकले सामाजिक सञ्जाल तथा अन्य सुचना संयन्त्र मार्फत सुचना प्रकाशित गर्नेछ।

९. कुनै (१) खेलाडी प्रतियोगिताका बढिमा (२) खेल तर्फ मात्र सहभागी हुने गरी टिम गराई दर्ताको लागि पठाउनुपर्नेछ, अन्यथा टिम दर्ता गरिनेछैन।

१०. सम्पुर्ण खेलहरु भलिबल फुटबल र क्रिकेट खेलं संग सम्बन्धित प्रचलित नियमानुसार खेलाईनेछ। खेलको क्रममा आईपरेका विवादहरुको सम्बन्धमा रेफ्रीले गरेको निर्णय अन्तिम हुने गरी खेल खेलाईनेछ।

११. खेलाडीको परिचय खुल्ने कागजात जस्तै- नागरिकताको प्रमाण पत्र, मतदाता परिचयपत्र तथा चालक अनुमति पत्रको प्रतिलिपि तथा नागरिकता नहुनेको हकमा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपिका साथै यसै साथ संलग्न टिम दर्ता फाराममा वडा अध्यक्षबाट प्रमाणित गरी हालसालै खिचेको पासपोर्ट साइजको फोटो पेश गर्नुपर्नेछ। बसाई सराई गरि आएको खेलाडीको हकमा बसाई सराई दर्ता प्रमाण पत्रको प्रतिलिपि राखेर वडा अध्यक्षले प्रमाणित गरी पठाउनुपर्नेछ। ठेगाना स्पष्ट नहुनेको हकमा मतदाता विवरणको आधार हेरेर वडा अध्यक्षले प्रमाणित गरी पठाउनुपर्नेछ। फर्जी खेलाडी समावेश गरेको कारण विवाद उत्पन्न भएमा वडा अध्यक्षले प्रमाणित गरेको कागजपत्र लाई आधार मानी निर्णय गरिनेछ। सो सम्बन्धमा सम्ब्रन्धित वडा अध्यक्ष नै जिम्मेवार हुनुपर्नेछ।

१२. खेल समयमा खेलाडीलाई चोटपटक लागेमा सामान्य प्राथमिक उपचार आयोजकले गर्नेछ र प्रतियोगिता आयोजना गरिएको ठाँउ बाट बाहिर लगि थप उपचार गर्नुपर्ने भएमा सहभागी हुने

गाउँ कार्यपालिकाको कार्यालय

CamScanner

सम्बन्धित खेलाडीले नै गर्नुपर्नेछ। खेलाडीले धाधलीयुक्त तरिकाले खेल प्रदर्शन गरेमा सम्बन्धित खेलाडीलाई आयोजकले प्रतियोगिता बाट निष्काशन गर्ने निर्णय गर्न कुनै बाधा हुनेछैन।

१३. कुनै टिम तथा खेलाडी विरुद्द उजुरी परेमा खेल समाप्त भएको १ घण्टा भित्र प्रमाण सहित आयोजकको सचिवालयमा उजुरी दिन सकिनेछ। म्याद नाघि आएको उजुरी उपर कुनै कारवाही गरिनेछैन। यदि ऊजुरी सान्दर्भिक भएको देखिएमा सो टिमलाई सम्बन्धित खेल प्रतियोगिताको बाकी खेलवाट हटाइनेछ। त्यसमा कुनै उजुर बाजुर लाग्नेछैन। (सम्बन्धित खेल भन्नाले भलिबल, फुटबल र क्रिकेटको हकमा छुट्टाछुट्टै लागु हुनेछ।)

१४. भलिवल खेल तर्फ- प्रथम पुरुस्कार - २००००/- द्वितिय पुरुस्कार- १२०००/- र तृतिय पुरुस्कार- ८०००/- हुनेछ।

१५. फुटवल खेल तर्फ- प्रथम पुरुस्कार - ३००००/- द्वितिय पुरुस्कार- १८०००/- र तृतिय पुरुस्कार- १२०००/- हुनेछ।

१६. क्रिकेट तर्फ – प्रथम पुरुस्कार- ३००००/- द्वितिय पुरुस्कार- १८०००/- र तृतिय पुरुस्कार- १२०००/- हुनेछ।

१७. उत्कृष्ट खेलाडी पुरुस्कार प्रत्येक बिधा तर्फ- २५००/ का दरले उपलब्ध गराइनेछ। साथै फुटबल तर्फ उत्कृष्ट गोल रक्षक र टप स्कोरर लाई जनही २५००/- का दरले उपलब्ध गराइनेछ। साथै क्रिकेट तर्फ सबै भन्दा बढि विकेट लिने र रन बनाउनेलाई जनही २५००/- उपलब्ध गराईनेछ।

१८. माथी उल्लेखित सम्पुर्ण पुरुस्कारमा २५ प्रतिशत कर काटेर हुन आउने रकम उपलब्ध गराइनेछ।

१९. माथी उल्लेखीत सर्त बाहेक कुनै विवाद उत्पन्न भएमा अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन समितिको निर्णय अन्तिम हुनेछ। थप जानकारीको लागी प्रतियोगिता आयोजक समतिलाई सम्पर्क गर्न सकिनेछ।

गाउँ कार्यपालिकाको कार्यालय
घिराघाट, दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

# शान्तिनगर गाउँपालिका
## छैठौ अध्यक्षकप खेलकुद प्रतियोगिता-२०८१
## टिम दर्ता फाराम

| क्र.स. | खेलाडिको नाम | नागरिकता नं. | स्थायी ठेगाना | खेल/विधा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |

*खेलाडीको फोटो नागरिकताको फोटोकपीमा स्टिज गरी पठाउनुपर्नेछ।

टिमको नामः-

वडा नं.-

वडा बाट तोकिएको भए खेल प्रशिक्षकको नामः-

मोवाइल नं. –

टिम क्याप्टेनको नाम-

मोबाईल नं.-

वडा कार्यालयको छाप –

प्रमाणित गर्ने वडा अध्यक्षको,

हस्ताक्षरः

नामः

मितिः

CamScanner